OPERATION WHITE DUST

# प्रेस विज्ञप्ति- ३११

# Press Release- 311

लागु औषध नियन्त्रण ब्यूरो
कोटेश्वर, काठमाडौं ।
मिति: २०७९।०४।०१ गते ।

## लागु औषध हेरोईन ४ किलोग्राम सहित मानिस पक्राउ:

लागु औषध नियन्त्रण ब्यूरोबाट गरिएको निरन्तर निग्रानिको क्रममा मिति २०७९।०३।३२ गते ४ के.जि. लागु औषध हेरोईन जस्तो देखिने धुलो पदार्थ सहित २ जना बिदेशी र १ जना नेपाली नागरीक गरी जम्मा ३ जना मानिसहरू पक्राउ गरिएको र निजहरु उपर लागु औषध (नियन्त्रण) ऐन २०३३ बमोजिम लागु औषध हेरोईन मुद्दामा म्याद थप गरी थप अनुसन्धान गर्ने कार्य भईरहेको ।

- South Africa को Johannesburg बाट Dubai हुदै काठमाडौंमा मिति २०७९।०३।३१ गते ८:३० बजे अवतरण भएका **साउथ अफ्रिकन नागरिक** पासपोर्ट नम्वर A09879572 बाहक बर्ष ६१ को **JACQUES ANTON ENGELBRECHT** को गतिविधी शंकास्पद देखिएकोले निजलाई ला.औ.नि. ब्यूरोबाट खटिएको प्रहरी टोलीले निग्रागी गर्दै जाने क्रममा मिति २०७९।०३।३२ गते १३:०० बजेको समयमा जिल्ला काठमाडौं का.म.न.पा. वडा न. २६ ठमेल स्थित एक होटलबाट निजले साथमा ल्याएको सुटकेस भित्र पिंधको भागमा रहेको फल्सबटमबाट **लागु औषध हेरोईन जस्तो देखिने धुलो पदार्थ ४ किलोग्राम** सहित पक्राउ गरिएको ।
- लागु औषध भारत लैजाने कार्यमा सहयोगिको भुमिकामा देखिएका जि.नुवाकोट, गर्साङ गा.पा. वडा नं ७ ठेगाना भई हाल बनस्थली काठमाण्डौंमा बस्दै आएका ट्याक्सी चालक बर्ष ५० को सुकेश तामाङ लाई बा२ ज ५६५५ नम्बरको ट्याक्सी सहित मिति २०७९।०३।३२ गते ठमेलबाट पक्राउ गरिएको ।
- भारतको दिल्लीबाट लागु औषध लिन काठमाण्डौ आएको अवस्थामा मिति २०७९।०३।३२ गते जिल्ला काठमाडौं का.म.न.पा. वडा न.८ तिलगंगाबाट भारत मिजोरम राज्य ठेगाना भई Janakpuri, Delhi, India बस्ने बर्ष ३२ की Zothantluangi नाम गरेकी भारतीय महिलालाई पक्राउ गरिएको ।




**कार्यालय प्रमुख**
**(विकास राज खनाल)**
**प्रहरी वरीष्ठ उपरीक्षक**







Contact no.:014611048, email: ncb@nepalpolice.gov.np, www.ncb.nepalpolice.gov.np, facebook.com/ncb.nepol